नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ६०२

मितिः- २०८०/०३/२७

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. बाल.नि. १०६ मिति २०८०/०३/२६ को पत्र र सोसाथ प्राप्त च.नं. १०५ मिति २०८०/०३/२६ को विवरण माग सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

आयुषी भट्टराई

शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

पत्र संख्याः- ०७९/८०
चलानी नम्बरः- बाल.नि.- १०५

सिंहदरबार, काठमाडौं
नेपाल।

मितिः २०८०/०३/२६

श्री स्थानीय तह सवै (७५३ )
मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाडौं।

**विषयः विवरण माग गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपालको संविधानको धारा ३९(४) मा कुनै पनि वालवालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाईने व्यवस्था गरेको छ । वालश्रम (निशेध तथा नियमित गर्ने) ऐन, २०५६ ले १८ वर्ष नपुगेका वालवालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाईने व्यवस्था गरेको छ । श्रम ऐन,२०७४ को दफा ५ मा कसैले पनि वालवालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाईने व्यवस्था छ ।यसै गरी वालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.सं.२०७९ सम्म निकृष्ट तथा शोषणयुक्त वालश्रम तथा वि.सं.२०८२ सम्म सवै प्रकारका वालश्रम अन्त्य गर्ने उद्देश्य राखेको छ ।अतः वालश्रम निवारण गर्ने समवन्धमा स्थानीय तहहरुवाट वालमैत्री स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रमहरु तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र यू.एन. एजेन्सीहरुबाट वालश्रमलाइ लक्षित गरी विभिन्न क्रियाकलापहरु सञ्चालन हुने हुँदा तहाँ स्थानीय तहहरुबाट भएका प्रयासहरुलाइ संलग्न ढाँचा अनुरुपको विवरण तयार गरि अभिलेख अद्यावधिक गर्ने प्रयोजनार्थ यस मन्त्रालयको वालश्रम निवारण तथा व्यावसायजन्य सुरक्षा शाखामा आइपुग्ने गरी साथै शाखाको इमेल childlabournepal@gmail.com मा समेत संलग्न हुने गरी पठाइदिनुहुन मन्त्रालयको मिति २०८०/०३/२६को निर्णयानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बालश्रममुक्त स्थानीय तह घोषणाका सुचक तथा सोसँग सम्बन्धित अन्य विवरणहरु

| क. सं. | सुचक | छ (√) | छैन (x) | कैफियत (संख्यात्मक विवरण वा अन्य जानकारी भएमा उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १ | अध्यावधिक तथ्याङ्क र अभिलेखिकरण: | | | |
| क) | स्थानीय तहमा जन्मेका सबै बालबालिकाको जन्मदर्ताको विवरण | | | |
| | — स्थानीय तहमा भएका कूल बालबालिकाको संख्या | | | |
| | — जन्मदर्ता भएका बालबालिकाको संख्या | | | |
| ख) | अनुसुची १ बमोजिमको सर्वेक्षण गरेको हुनुपर्ने | | | |
| ग) | स्थानीय तहमा रहेका बालश्रमसँग सम्बन्धित विभिन्न सरोकारवालाहरुको सुचीकरण एवं नक्साङ्कन गरेको : | | | |
| | — स्थानीय प्रशासन | | | |
| | — विद्यालय | | | |
| | — विज्ञ | | | |
| | — बालश्रम विरुद्ध कामगर्ने गैर सरकारी संस्था | | | |
| | — बालक्लब | | | |
| | — हेल्पलाईनल वा हटलाईन | | | |
| | — बालश्रम प्रयोग गर्ने रोजगारदाता | | | |
| घ) | बालश्रम हुनसक्ने सम्भावित क्षेत्रहरुबाट बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता पत्र गरेका संस्था छन्? छन् भने सोको विवरण उल्लेख गर्ने। | | | |
| २ | **स्थानीय तहमा बालश्रम निवारणको लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको छ कि छैन? भएमा दस्तावेजको प्रति इमेलमा संलग्न गरी पठाउने।** | | | |
| ३ | **स्थानीय तहले बालश्रम निवारण सम्बन्धी देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरेको छ कि छैनः** | | | |
| क) | बालश्रम निवारण सम्बन्धी चतनामूलक र मनोपरामर्श सम्बन्धी कार्यक्रम | | | |
| ख) | बालश्रमिक सम्बद्ध वा बालश्रमको जोखिममा रहेका बालबालिकाको परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम | | | |
| ग) | पढाई नियमित नभएका (१५ देखि १८ वर्षसम्मका) बालश्रमिकका लागि सिपमूलक कार्यक्रम | | | |
| घ) | बालश्रमिक विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम | | | |
| ङ) | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम | | | |
| च) | बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यक्रम | | | |
| छ) | बालश्रमिकहरुको शैक्षिक विकास कार्यक्रम | | | |
| ४ | **बालश्रम निवारण सम्बन्धी खण्ड (३) मा उल्लेखित कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले बजेट विनियोजन गरेको छ कि छैन? यदि भएमा सोको विवरण उल्लेख गर्ने।** | | | |
| ५ | **संस्थागत व्यवस्था :** | | | |
| क) | बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी/ बालकल्याण अधिकारी वा शाखाको व्यवस्था | | | |
| ख) | बालश्रम निवारणका लागि सक्रिय बालक्लब र अन्य सञ्जालहरुको विकास | | | |
| ग) | बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे बमोजिमको स्थानीय बाल अधिकार समितिको व्यवस्था | | | |
| घ) | बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र | | | |
| ङ) | उद्धार गरिएका बालबालिकलाई राख्नका लागि बालगृह वा प्रचलित कानून बमोजिम दर्ता भएका बालबालिकालाई हेरचाह गर्ने संस्था | | | |
| | — हालसम्म बालश्रम सम्बन्धी परेको गुनासोको संख्या | | | |
| | — बालश्रम सम्बन्धी गुनासोको सम्बोधन तथा उद्धार गरिएका बालश्रमिको संख्या | | | |
| ६) | **शिक्षाको अवस्थाः** | | | |

| | | | | |
|---|---|---|---|---|
| क) | विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्नादर कम्तिमा ९५ प्रतिशत पुगेको छ? | | | |
| | — विद्यालय भर्ना दर प्रतिशतमा उल्लेख गर्ने। | | | |
| ख) | विद्यालय छोड्नेको दर घट्दो छ कि छैन? | | | |
| | — विद्यालय छोड्नेको दर प्रतिशतमा उल्लेख गर्ने। | | | |
| ७ | **सहयोग, समन्वय र सहकार्यको व्यवस्थाः** | | | |
| क) | स्थानीय तहले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, श्रमिक संगठन, नागरिक समाज, गैरसरकारी संघसंस्थासँग बालश्रम निवारणका लागि सहयोग, समन्वय र सहकार्य गरेको छ? | | | |
| ख) | स्थानीय तहले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सुचना आदान प्रदान, कार्यक्रम सञ्चालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको छ? | | | |
| ८ | **स्थानीय तह बालश्रम मुक्त भएको छ कि छैन ?** | | | |
| | यदि छ भने कतिवटा वडा वा पुरै पालिका बालश्रम मुक्त घोषणा भएको हो? | | | |
| | बालश्रम मुक्त घोषणा हुन सरकारी, गैर सरकारी वा कसको सहयोगमा घोषणा भएको हो? | | | |
| ९ | **बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन भएको छ कि छैन?** | | | |
| | — बालमैत्री पालिका घोषणाको स्थिती कस्तो छ? कुनै वडा ( कति बटा र कुनकुन ) वा पुरै पालिका बालमैत्री घोषणा भएमा सोको संख्या उल्लेख गर्ने। | | | |

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा
सिंहदरवार, काठमाडौं